नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executiv
मार्तडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०७७/०७८
च.न. :

मिति : २०७८/०३/०२

## नगरवासीमा हार्दिक अपील !

हाल मुलुकभर मनसुनी वायुको प्रभाव रहेकोले यस जिल्लामा पनि अविरल वर्षा भइरहेको छ । जल तथा मौसम विज्ञान विभागले अझै केही दिन भारी वर्षा हुनसक्ने भएकोले यस नगरपालिकामा समेत बाढी, पहिरो, भू-क्षय लगायतका विपद्का घटनाहरुमा बृद्धी हुने अनुमान गर्न सकिन्छ । त्यस कारण वर्षाको कारणले हुने विपदबाट बच्न देहाय बमोजिम गर्न गराउन हुन सम्बन्धीत सबैमा हार्दिक अपील गर्दछौं ।

**तपशिल :**

क) कोरोना भाइरसको समेत जोखिम कायम रहकोले अत्यावश्यक काम बाहेक अनावश्यक हिंडडुल नगर्नुहोला ।

ख) बाढी आएको समयमा बुढीगंगा नदी, बाउली खोला, कोर्दाली गाड, खरिगाड र अनाई खोला लगायतका खोलामा माछा मार्ने, पौडी खेल्ने, रोपाईका बल्द पखाल्ने, दाउरा संकलन गर्ने जस्ता काम नगर्नुहोला ।

ग) बाढी पहिरो भुक्षय र डुवान हुनसक्ने क्षेत्रमा नजानुहोला ।

घ) गाईबस्तु चराउन वा खोला नजिकका गोठ छानामा बालबालिकालाई नपठाउनु होला ।

ङ) नगरपालिकाको अनुमती विना कुनै सहयोगी दाता वा निकायले राहत वितरण गर्न पाइने छैन ।

च) कुनै प्राकृतिक घटना भएमा तुरुन्त नजिकको वडा कार्यालय वा नगरपालिकाका सूचना अधिकारी पुष्पराज भट्ट ९८५८४८३२०२ वा नेपाल प्रहरीको फोन नम्बर ९८५८४९००५३ वा जिल्ला प्रशासन कार्यालय बाजुरामा रहेको आपतकालिन कार्यसञ्चालन केन्द्रको टेलिफोन नम्बर ९८६४३१४०६६, ०९७५४१३१४ तुरुन्त जानकारी गराउन हुन अनुरोध छ ।

पदम बडुवाल
नगर प्रमुख

समृद्ध नगर : खुसी नगरवासी

फोन : ०९७ - ५४१२६८ (नगर प्रमुख), ०९७ - ५४१२८३ (नगर उप-प्रमुख), ०९७ - ५४१२८५(प्रमुख प्रशासकीय अधिकृत) ०९७ - ५४१२८९ (आर्थिक प्रशासन शाखा)
फ्याक्स : ०९७-५४१२६८, ०९७-५४१०६७ (पञ्जीकरण)
इमेल : badimalikamunicipality@gmail.com / वेभ साइट : www.badimalikamun.gov.np